# सुरुङ्गा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९।०४।२०

# भाग-२

## सुरुङ्गा नगरपालिकाको ट्यूशन तथा कोचिङ कक्षा सञ्चालन कार्यविधि, २०७९

**सुरुङ्गा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मधुपट्टी, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

# सुरुङ्गा नगरपालिकाको ट्यूशन तथा कोचिङ कक्षा सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**

नेपालको संविधान, २०७२ को अनुसूची-८ स्थानीय तहको अधिकारको सूचीमा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिनुका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) खण्ड (ज) को उपखण्ड (१) मा वैकल्पिक र निरन्तर सिकाइ सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने काम, कर्तव्य र अधिकार स्थानीय तहमा रहेको र नगरपालिका क्षेत्रभित्रका विद्यालय उमेर समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि अभिवृद्धि गर्न, विद्यालय/कक्षा छाड्ने दर न्यूनीकरण गर्न र विद्यालय समयभन्दा अलग समयलाई सिकाइमा सदुपयोग गराउन वाञ्छनीय भएकोले सुरुङ्गा नगरपालिकाले यो कार्यविधि बनाई कार्यान्वयनमा ल्याएको हो ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम "ट्यूशन र कोचिङ कक्षा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि नगरपालिका क्षेत्रभित्रका निर्धारित गाउँ/टोल/वस्ती र विद्यालयहरूमा लागू हुनेछ ।

**२. परिभाषा :**

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "नगरपालिका" भन्नाले सुरुङ्गा नगरपालिका, मधुपट्टी, सप्तरी सम्झनुपर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले नेपालको संविधानबमोजिम गठित सुरुङ्गा नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "नगर सभा" भन्नाले सुरुङ्गा नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(घ) "ट्यूशन कक्षा" भन्नाले सुरुङ्गा नगरपालिका क्षेत्रभित्र रहेका गाउँ/टोल/वस्ती र विद्यालयहरूमा विद्यालय समयभन्दा अलग समयमा एकै कक्षा वा विभिन्न कक्षा वा विद्यालयबाहिरका

बालबालिकाहरूको समूह बनाई सिकाइ सुधारका निमित्त सञ्चालन हुने अतिरिक्त कक्षा सम्झनुपर्छ ।

(ङ) "कोचिङ कक्षा" भन्नाले सुरुङ्गा नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरूका लागि विद्यालय समयभन्दा अलग समयमा प्रमुख विषयहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउन विद्यालयद्वारा सञ्चालन हुने अतिरिक्त वा थप कक्षा सम्झनुपर्छ ।

(च) "सहजकर्ता" भन्नाले ट्यूशन वा कोचिङ कक्षा सञ्चालन गर्न नियुक्ति गरिएको व्यक्ति सम्झनुपर्छ ।

(छ) "समिति" भन्नाले ट्यूशन वा कोचिङ कक्षाका सहजकर्ता छनौट गरी सिफारिस गर्न गठित समिति सम्झनुपर्छ ।

**३. कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ :

३.१ नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने समुदायका विद्यालय उमेर समूहका विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर वृद्धि गर्नु ।

३.२ विद्यालयबाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन सहयोग पुर्याउनु ।

३.३ आधारभूत तथा माध्यमिक शिक्षामा सबैका लागि समतामूलक पहुँच सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।

३.४ विद्यालय तहको शिक्षा पूरा गरी उच्च शिक्षा अध्ययनका लागि बालबालिकाहरूलाई तयार गर्न सघाउ पुर्याउनु ।

## परिच्छेद-२
## कक्षा सञ्चालन स्थान छनौट, कोटा वितरण र समय निर्धारण

**४. ट्यूशन कक्षाको लागि स्थान छनौट र कोटा निर्धारण** : सम्बन्धित वडाले वडाभित्रका गाउँ/टोल/वस्ती/समुदायहरूको सर्वेक्षण गरी विद्यालय उमेर समूहका कम्तीमा २० जना बालबालिकाहरू उपलब्ध हुनसक्ने गरी एक ट्यूशन कक्षा सञ्चालन हुने गरी वडा क्षेत्रभरि पहिलो चरणमा ३ ओटा र अर्को पटक थप गरी बढीमा ५ स्थान छनौट गर्नेछ । तर, एक गाउँमा तीनभन्दा बढी र एक टोलमा एकभन्दा बढी कक्षा हुनेछैन ।

**५. ट्यूशन कक्षाको समय निर्धारण** : ट्यूशन कक्षा सञ्चालनको लागि विद्यालय सञ्चालन समयभन्दा अलग समय हुनेछ । ट्यूशन कक्षाको समयावधि विहान वा दिउँसो दैनिक दुई घण्टाका दरले बढीमा ६ महिनाको हुनेछ ।

६. **कोचिङ कक्षाको लागि स्थान र समय निर्धारण** : माध्यमिक विद्यालयहरूले कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी मुख्य-मुख्य विषयहरू समावेश हुने गरी अतिरिक्त कक्षाको रूपमा कोचिङ कक्षा सञ्चालन गर्नुपर्नेछ । विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर, आवश्यकता र विद्यालयको मागका आधारमा कक्षा ६-८ को लागि समेत कोचिङ कक्षा सञ्चालन गर्न सकिनेछ ।

७. **कोटा पुनर्वितरण** : वडाको लागि वितरित ट्यूशन कक्षा सञ्चालन सम्बन्धमा वडा कार्यालय/वडा समिति र नगरपालिकाबाट भएको स्थलगत अनुगमन/निरीक्षणबाट कक्षा सञ्चालन हुननसकेको वा सिकाइ उपलब्धि वृद्धि हुननसकेको व्यहोरा सहितको सिफारिस हुनआएमा नगरपालिकाले कोटा रद्द गर्न वा पुनर्वितरण गर्नसक्नेछ ।

## परिच्छेद-३
## सहजकर्ता नियुक्ति तथा परिचालन

७. **सहजकर्ता नियुक्ति तथा परिचालन** :

७.१ वडा समितिले सम्भव भएसम्म नगरपालिका क्षेत्रभित्रका विद्यालयमा कार्यरत प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्चमाध्यमिक तहमा नियुक्ति पाई खटिएका शिक्षकहरूलाई नै सहजकर्ताको रूपमा परिचालन गर्नुपर्नेछ । यसरी खटाइने शिक्षकहरूलाई नगरपालिकाले जिम्मेवारी तोक्नेछ ।

७.२ कक्षा सञ्चालन हुने स्थानको भौगोलिक दूरी र समयका कारण कार्यरत शिक्षकहरूबाट कक्षा सञ्चालन गर्न नसकिने स्थानको लागि कम्तीमा कक्षा ११ र १२ उत्तीर्ण स्थानीय महिला वा पुरूषलाई अन्तर्वार्ताबाट सम्बन्धित वडा समितिले छनौट गरी करार सम्झौता गरी नियुक्ति गर्न र सहजकर्ताको रूपमा परिचालन गर्नसक्नेछ । यसरी सहजकर्ता छनौट गर्दा विद्यालयका प्रधानाध्यापक, शिक्षक, निवृत्त शिक्षक वा कर्मचारी, स्थानीय शिक्षाप्रेमीमध्ये कम्तीमा २ जनालाई आमन्त्रण गर्नुपर्नेछ । यसरी सहजकर्ताको रूपमा परिचालन गर्दा नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

७.३ सम्बन्धित वडाले सहजकर्ता नियुक्ति गर्न नसकेको व्यहोरा सहितको सिफारिस गरी नियुक्तिको लागि अनुरोध भइआएमा सहजकर्ता छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न नगरपालिकामा देहायबमोजिमको सहजकर्ता छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत .................................. संयोजक

(ख) शिक्षा शाखाको १ जना कर्मचारी ........................... सदस्य

(ग) शिक्षा शाखा प्रमुख ...................................... सदस्य-सचिव

७.४ उपदफा ७.३ बमोजिमको समितिले सहजकर्ता नियुक्तिको लागि सूचना प्रकाशन गरी सम्बन्धित तह वा कक्षा सम्बन्धी ५० अङ्कको वस्तुगत परीक्षा वा २५ अङ्कको अन्तर्वार्ता वा दुवै परीक्षाको माध्यमबाट सहजकर्ता छनौट गर्नेछ ।

७.५ सहजकर्ता छनौट सम्बन्धी परीक्षा सञ्चालन गर्नको लागि समितिले आवश्यकतानुसार विषय विशेषज्ञ र कर्मचारी खटाउन सक्नेछ ।

७.६ समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

७.७ कोचिङ कक्षा सञ्चालन गर्ने विद्यालयहरूमा सम्बन्धित तहमा कार्यरत शिक्षकहरूलाई नै सहजकर्ताको रूपमा परिचालन गरिनेछ । सहजकर्ताको रूपमा खटिने शिक्षकहरूसंग नगरपालिकाले करार सम्झौता गरी जिम्मेवारी तोक्नेछ ।

## परिच्छेद-४
## अनुगमन तथा मूल्याङ्कन

**८. अनुगमन :**

८.१ ट्यूशन कक्षा र कोचिङ कक्षा नियमित रूपमा सञ्चालन भए-नभएको अनुगमन गर्ने दायित्त्व सम्बन्धित वडाको हुनेछ ।

८.२ अनुगमनको लागि वडा समितिले आवश्यकतानुसार सो समितिको सदस्यलाई जिम्मेवारी सुम्पन सक्नेछ ।

८.३ नगरपालिकाले नगरपालिका क्षेत्रभित्र सञ्चालित ट्यूशन कक्षा र कोचिङ कक्षा जुनसुकै बेला अनुगमन गर्नसक्नेछ ।

**९. मूल्याङ्कन :**

९.१ सम्बन्धित वडाले आफ्नो वडाभित्र सञ्चालित ट्यूशन कक्षा र कोचिङ कक्षा अनुगमनका क्रममा यसको नियमितता, प्रभावकारिता र विद्यार्थी सिकाइ उपलब्धिमा सुधार भए-नभएको मूल्याङ्कन गरी मासिक प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

९.२ नगरपालिकाले वडाबाट प्राप्त प्रतिवेदनका आधारमा सिफारिस भएको व्यहोरा यकिन गरी वितरित कोटा र नियुक्त सहजकर्ताको जिम्मेवारी हेरफेर गर्न वा खारेज गर्न वा पुनर्विचार गर्नसक्नेछ ।

## परिच्छेद-५
## सहजकर्ता र अनुगमनकर्ताहरूको सेवा सुविधा

**१०. सहजकर्ताको पारिश्रमिक :**

१०.१ ट्यूशन कक्षा सञ्चालन गर्ने सहजकर्ताले नगरपालिकाबाट मासिक रू. ५,०००।०० (पाँच हजार रूपैयाँ) प्रोत्साहन रकम पाउनेछ ।

१०.२ शिक्षकबाहेकका अन्य सहजकर्ताले प्रोत्साहन रकम भुक्तानी लिनको लागि नजिकको बैंकमा खाता खोली नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

१०.३ सहजकर्ताले ट्यूशन कक्षा र कोचिङ कक्षामा अध्ययन गर्ने विद्यार्थी वा अभिभावकबाट शुल्क असुल गर्न पाउनेछैन ।

**११. अनुगमनकर्ताको सुविधा :**

ट्यूशन कक्षा र कोचिङ कक्षा अनुगमन गर्ने अनुगमनकर्तालाई प्रत्येक पटकको लागि खाजा तथा यातायात खर्च बापत रू. ३५०।०० उपलब्ध हुनेछ ।

आज्ञाले<br>
गजेन्द्र नाथ शर्मा<br>
प्रमुख प्रशासकीय अधिकृत